# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या २६ मितिः २०७६/०६/२७

भाग-२

## कृषि यन्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६

# भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

# कृषि यन्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७६

प्रमाणिकरण मितिः २०७६/०६/२७

**प्रस्तावनाः**

भरतपुर महानगरपालिकाकोकृषि विकास कार्यक्रम कार्यान्वयन गर्न, कृषि उत्पादन लागत घटाउन, युवा जनशक्तिलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न, जमिन तथा श्रमिकको उत्पादकत्व बृद्धि गर्नुका साथै कृषिलाई आधुनिकीकरण, ब्यवसायीकरण र प्रतिस्पर्धि बनाउन आवश्यक भएकोले स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यस कार्यविधिलाई महानगरपालिकाले स्वीकृत गरी लागु गरेकोछ ।

## परिच्छेद१

**प्रारम्भिक**

१) संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम **"कृषि यन्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७६"** रहनेछ ।

(२) यो कार्यविधि महानगरपालिकाबाट स्वीकृत भई प्रमाणिकरण मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधि भरतपुर महानगरपालिका भर लागु हुनेछ ।

२) परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"आपूर्तिकर्ता"** भन्नाले कृषि यन्त्र उपकरण उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक तथा डिलरलाई सम्झनु पर्दछ ।

ख) **"आपूर्तिकर्ता/साझेदार मूल्यांकन समिति"** भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

ग) **"कृषि यन्त्रउपकरण"** भन्नाले बाली, पशुपंक्षी, दुग्ध, मत्स्य, मौरी आदि जस्ता कृषि उपजहरुको उत्पादन, प्रशोधन, भण्डार तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेण्टलाई समेत सम्झनु पर्छ ।

घ) **"सम्बन्धित शाखा"** भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा सम्झनु पर्छ ।

ङ) **"महानगरपालिका"** भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

प्रमुख

च) **"मूल्यांकन समिति"** भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित समितिलाई जनाउने छ ।

छ) **"ज्ञान केन्द्र"** भन्नाले चितवन जिल्लामा रहेको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्दछ ।

ज) **"विज्ञ केन्द्र"** भन्नाले चितवन जिल्लामा रहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

झ) **"साझेदार"** भन्नाले अनुदानमा कृषि यन्त्रउपकरण लिन इच्छुक कृषक समूह, कृषि सहकारी , निजी कृषि फर्म, कृषि उद्दमी आदिलाई सम्झनु पर्दछ ।

ञ) **"स्वलगानी"** भन्नाले साझेदारको अनुदान बाहेकको रकमलाई सम्झनुपर्दछ ।

**३. कार्यक्रम संचालनको उद्देश्य :**

यन्त्र उपकरणको प्रयोगबाट देहाय बमोजिमका उद्देश्य पुरा हुनेछ।

क) कृषि उत्पादनमा लागत घटाउने ।

ख) युवाजनशक्तिलाई कृषि व्यवसायमा आकर्षण गर्ने ।

ग) जमिन तथा श्रमिकको उत्पादकत्व वृद्धि गर्ने ।

घ) कृषि कर्ममा यान्त्रिकरण प्रवर्द्धन गर्ने ।

ङ) कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

च) कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिस्पर्धी वनाउने ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालनको प्रक्रिया

**४) कृषि यन्त्र उपकरणको आपूर्तिका लागि प्रस्ताव आह्वानः**

(१) कृषि यन्त्रउपकरणको आपूर्ति गर्न शिलवन्दी आव्हान गरी ईच्छुक आपूर्तिकर्ता कार्यबाट यन्त्र उपकरणहरुको क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेसिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहकृत गरी शिलबन्दी दररेट पेश गर्न ३० दिन समयावधि तोकी राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची -१(१) बमोजिमको कागजातहरु सहित पेश गर्न महानगरपालिकाले प्रस्ताव आव्हान गर्नुपर्नेछ।

(२) अनुसुची-१(१) बमोजिमको संलग्न कागजातहरु र अनुसूची ३ बमोजिम आवेदनको ढाँचामा तोकिएको समयसीमाभित्र आपूर्तिकर्ताले महानगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

**५) आपूर्तिकर्ता/साझेदार मूल्यांकन समितिः**

प्रमुख

प्रमुख

(१) प्रस्ताव मूल्यांकन गरी कृषि यन्त्र तथा सोको आपूर्तिकर्ताहरु छनौट गर्न महानगरपालिकामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित समितिले गर्नेछ र सो समितिको सदस्य सचिव, कृषि तथा पशुपंछी व्यवसाय शाखा प्रमुखलाई जनाउने छ ।साथै समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारी ३ जना सम्मलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) मूल्यांकन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) म्याद भित्र दर्ता भएका शिलवन्दी प्रस्तावहरु सकभर प्रस्तावदाता वा प्रतिनिधिको रोहबरमा खोल्ने ।

(ख) आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(ग) छनौट भएका आपूर्तिकर्ताले अनुसूची ३ अनुसार प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम (Type), क्षमता (Capacity-Horse Power),मोडेल(Model), ब्राण्ड (Brand) र अन्य स्पेशिफिकेशन (Specification)को आधारमा एकै खालका यन्त्र उपकरणहरु समूहकृत गरी उक्त समूहमा सवै भन्दा न्यूनतम मूल्यलाई आधारमानी अनुदान रकम तोक्ने ।

(घ) प्रस्ताव पेश भएका यन्त्र उपकरण समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतममूल्य आधार मानी अनुदान रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ताहरुको नामावली तथा कृषि यन्त्रउपकरणहरु र तिनको पुरा मूल्य, उपलव्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरुसवै वडाकार्यालयहरु तथा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र मार्फत् साझेदारलाई औपचारिक जानकारी दिने ।

(च) प्रारम्भिक मूल्यांकन समितिले मूल्यांकन गरी सिफारिसगरेका साझेदारको प्रस्ताव औचित्यको आधारमा छनौट गर्ने ।

(छ) समितिले आवश्यकता अनुसार थप मापदण्डहरु तयार गरी अपूर्तिकर्ता र साझेदार छनौट सम्वन्धी काम गर्नेछ ।

६) **प्रस्ताव माग तथा कार्यक्रम संचालन** : (१) यस कार्यविधि बमोजिम कृषि यन्त्रउपकरण लिन चाहने साझेदारका लागि १५ दिनको म्याद दिई महानगरपालिकाले अनुसूचि –१ बमोजिम स्थानीय संचार माध्यम (छापा तथा रेडियो) मा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ । महानगरपालिकाले सवै वडाकार्यालयहरु तथा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र मार्फत् समेत सूचना प्रचार प्रसार गर्नेछ ।

(२) अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूचि–४ बमोजिम तोकिएको म्यादभित्र महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले उपदफा (२) बमोजिम प्राप्त हुन आएका प्रस्तावको प्रारम्भिक मूल्यांकन समिति मार्फत् फिल्ड भेरिफिकेसन समेत गरि प्रारम्भिक मूल्यांकन प्रतिवेदनआपर्तिकर्ता/साझेदारमूल्यांकन समितिमा पेश गर्नुपर्नेछ ।

प्रमुख

७) **प्रारम्भिक मूल्यांकन समितिः** १) साझेदारको प्रस्ताव प्रारम्भिक मूल्यांकन गरि छनौट सिफारिस गर्न कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखामा देहाय बमोजिमको प्रारम्भिक मूल्यांकन समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| क) | कृषि विकास अधिकृत, कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखाः | संयोजक |
| ख) | पशुसेवा अधिकृत, कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखाः | सदस्य |
| ग) | कृषि अधिकृत, कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखाः | सदस्य |

समितिले आवश्यकता अनुसार स्थलगत भ्रमण समेत गरि साझेदार सिफारिस गर्नेछ ।

८) **सम्झौता प्रक्रिया :**

(१) प्रस्ताव स्वीकृत भएका साझेदारले (तोकिएको) अवधिभित्र अनुसूचि ६ बमोजिम महानगरपालिकामा सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः प्राथमिकतामा रहेका साझेदार संस्थासंग सम्झौता गर्न सकिनेछ ।

९) **साझेदारको दायित्व :** साझेदारले छनौट भएको कृषि यन्त्रउपकरण सूचीकृत भएको आपूर्तिकर्ताको बैंक खातामा अनुदान बाहेकको स्वलगानी रकम जम्मा गरी तोकिएको दररेटमा खरिद गर्नुपर्नेछ । साझेदारले कृषि यन्त्रउपकरण प्राप्त गरेपछि आपूर्तिकर्तालाई अनुदान रकम भुक्तानीको लागी महानगरपालिका कार्यालयलाई सिफारिस गर्नुपर्नेछ ।

१०) **भुक्तानी प्रक्रियाः**(१) आपूर्तिकर्तालें अनुदान रकम भुक्तानी पाउन साझेदारले आपूर्तिकर्ताको बैंक के कति खातामा जम्मा गरेको सक्कल भौचर, बिल बीजक, अनुसूची ५ बमोजिमको विवरण, र यन्त्र उपकरणको फोटो र अन्य आवश्यक कागजातहरु सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ ।यसरी आपुर्तिकर्ताले पेश गरेका कागजातहरु सम्बिन्धत शाखाले चेक जाँच गरी सिफारिस साथ भुक्तानीका लागि महानगरपालिकाको कार्यालयमापेश गर्नुपर्नेछ ।सम्बन्धित शाखाले पेश गरेको बिवरण तथा सिफारिस पत्रको आधारमा साझेदारले पाउने अनुदान रकम आपुर्तिकर्तालाई बैंक मार्फत् भुक्तानी दिईनेछ।

(२) छनौट भएका कुनै साझेदारले आपूर्तिकर्ताबाट उपलब्ध गराउन शिलवन्दी कोटेशन पेश गरेको यन्त्र उपकरण भन्दा बाहेकका मोडेल, ब्राण्ड र स्पेशिफिकेशनका यन्त्र उपकरणहरु माग गरेको अवस्थामा वा साझेदारले देश बाहिरबाट आयात गर्न चाहेमा त्यस्ता साझेदारले प्रक्रिया पुरा गरी आयात गरेमा तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराईनेछ ।

११) **आपूर्तिकर्ताको दायित्व :** कृषि यन्त्र उपकरण आपूर्ति गर्न आपूर्तिकर्तालें अनुसूची ८ को ढाँचामा प्रत्येक कृषि यन्त्रउपकरणमा प्रष्ट देखिने गरी लामो समयसम्म टिकाउ हुने स्टीकर टाँस्नु पर्नेछ ।

प्रमुख

१२) **विशेष प्राथमिकता :** (१) जमिनको चक्लाबन्दी गरि सामूहिक खेती गर्ने र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र प्रदेशका निकायद्धारा संचालित कार्यक्रम/कार्यालयहरु संग समन्वय गरि दोहोरोपना नहुने गरि एकीकृत रुपमा संचालन गरिनेछ ।

(३) महिला कृषक, जनजाति तथा दलित समुदाय रहेको समूह/सहकारीलाई प्राथमिकता दिइने छ ।

१३) **अनुगमन तथा मूल्यांकन :** (१) कार्यक्रमहरुको नियमितरुपमा अनुगमन तथा मूल्याड्कन कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखा र कृषि तथा पशुसेवा केन्द्रले गर्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार महानगरपालिका, आर्थिक विकास समिति तथा संयुक्त अनुगमन समितिलेसमेत गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्यांकनको प्रतिवेदन महानगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेदः ३

## कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष

१४) **कार्यक्रम संचालनको आर्थिक पक्षः** (१) स्वीकृत वार्षिक कार्यक्रम बमोजिम साना तथा मझौला कृषि यन्त्र उपकरणमा पचहत्तर प्रतिशतसम्म र ठुला कृषि यन्त्रहरु (चारपांग्रे) मा पचास प्रतिशत अनुदान उपलव्ध गराइनेछ । साथै सामूहिक खेती गर्ने साझेदार संस्थाकोहकमा ठुला कृषि यन्त्रमा पनि परल मूल्यको पचहत्तर प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

ठुला यन्त्र उपकरणहरु भन्नालेः (क) फोरव्हिल टयाक्टर (अधिकतम ६० एच.पी.) (ख) लेजर ल्याण्ड लेभेलर (खाडल खन्ने मेसिन सहित) (ग) कम्बाईन हार्भेष्टर (घ) राइस ट्रन्सप्लाण्टर आदि।

नोटः क) उपरोक्त अनुसारका ठुला यन्त्र उपकरणहरुको लागि कृषक समूह/सहकारी/निजी फर्मले आबेदन दिन कम्तिमा ३० बिगाहा जग्गा चाक्ला वन्दी वा एकीकृत रुपमा भएको हुनु पर्नेछ वा खेती गर्ने जग्गाको विवरण (लिज) पेश गर्नु पर्नेछ ।

ख) ठूला मेसिनरीहरुमा सामूहिक खेती लागु भएका स्थानहरुका लागी प्राथामिकता दिइनेछ ।

(२) स्वीकृत कार्यक्रम बजेटको ३ % रकम कन्टेन्जेन्सी वापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन/निरीक्षण, इन्धन, स्टेशनरी तथा अनुसुची फर्मेट छपाई आदि कार्यमा खर्च गरिनेछ ।

१५) **करवाहीको ब्यवस्थाः** (१) सम्झौता अनुरुप काम नगर्ने आपूर्तिकर्तालाई नगर कार्यापालिकाको कार्यालयले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

प्रमुख

(२) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै सर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्रउपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट १०% जरिवानासहित अनुदान रकम असुल उपर गरिनेछ ।

१६) **संशोधनः** यो कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्चन आइपरेमा महानगरपालिकाले संशोधन गर्न सक्नेछ ।

१७) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बिषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची - १

(दफा ६ संग सम्बन्धित)

साझेदारका लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :

भरतपुर महानगरपालिका अन्तर्गत कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखाको आ. व. .............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६ अनुसार कृषि यन्त्रउपकरणहरु अनुदानमा खरिद गर्न महानगरपालिका क्षेत्रका कृषक समूह /कृषि सहकारी /नीजि कृषि फर्म /कृषि उद्यमीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमादेहाय वमोजिमका कागजात सहित निवेदन प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

पेश गर्नु पर्ने कागजातहरुको विवरण

१)निवेदन

२) आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि

३) संस्था नबिकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टारको कार्यालयवाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।

४) साझेदारको पान वा भ्याट प्रमाण पत्रको प्रतिलिपि

५) कर चुक्ता प्रमाण पत्र

६) साझेदारको बैठक निर्णय प्रतिलिपि

७) साझेदार संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिएको अख्तीयारी पत्र

८) अधिकार प्राप्त पदाधिकारीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपिर फोटो एक प्रति (पासपोर्ट साइज)

नोटः (क) देहायका ठूला यन्त्र उपकरणहरुको लागि साझरदारले आबेदन दिन कम्तिमा ३० विगाहा जग्गा चाक्लावन्दी वा एकीकृत रुपमा भएको हुनुपर्नेछ वा खेती गर्ने जग्गाको विवरण (लिज) पेश गर्नु पर्नेछ ।१) फोर व्हिल ट्याक्टर (अधिकतम ६० एच.पी.)२) लेजर ल्याण्ड लेभेलर (खाडल खन्ने मेसिन सहित)३) कम्बाईन हार्भेष्टर४) राइस ट्रन्सप्लाण्टर आदि ।

(ख) ठूला यन्त्रउपकरणहरु सामूहिक खेती लागु भएका स्थानहरुका लागि प्राथमिकता दिइनेछ ।

अनुसूची - १ (१)

(दफा ४ संग सम्बन्धीत)

**आपूर्तिकर्ताको लागि प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति :

यस भरतपुर महानगरपालिकाकृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखाको आ. व. .............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम कृषि यन्त्र उपकरणहरु महानगरपालिका क्षेत्रका कृषक समूह /कृषि सहकारी /नीजि कृषि फर्म /कृषि उद्यमीहरुलाई अनुदानमा वितरण गर्नुपर्ने भएकोले यन्त्र उपकरणहरु आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ता /फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

<u>प्रस्तावसाथ संलग्न गर्नु पर्ने कागजातहरु</u>

क) आपूर्तिकर्ताको लागि (शिलबन्दीमा पेश गर्नुपर्ने)

१) संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

२) संस्था नबीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

३) संस्थाको पान वा भ्याट प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

४) लेखा परीक्षणको प्रमाणित प्रतिलिपि

५) कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

६) आधिकारिक एजेन्टको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

प्रमुख

| | | |
|---|---|---|
| १.१७ | मल्टीक्रप थ्रेसर | |
| १.१८ | धान थ्रेसर | |
| १.१९ | गहु थ्रेसर | |
| १.२० | मेज सेलर | |
| १.२१ | मेज डिहस्कर | |
| १.२२ | पावर स्प्रेयर/बुम स्प्रेयर | |
| १.२३ | फर्टिलाइजर ब्रोकास्टर/स्प्रेडर | |
| २ | पावर टिलर विथ कल्टीभेटर | अधिकतम २० एच पी सम्म मात्र |
| ३ | पावर टिलरका एटयाचमेन्टहरु | |
| ३.१ | एण्टी स्किड व्हील | |
| ३.२ | एण्टी स्किड व्हीलकनेक्टर हव कनेक्टर | |
| ३.३ | डिस्क प्लाव | |
| ३.४ | डिस्क हैरो | |
| ३.५ | रिजर /वण्ड फर्मर | |
| ३.६ | सिड कम फर्टिलाइजर ड्रिल | |
| ३.७ | सिड ड्रिल | |
| ३.८ | पोटेटो प्लान्टर | |
| ३.९ | पोटेटो डीगर | |
| ३.१० | रिपर | |
| ३.११ | थ्रेसर | |
| ३.१२ | मल्टीक्रप थ्रेसर | |
| ३.१३ | पावर स्प्रेयर | |
| ४ | मिनि टिलर | अधिकतम ९ एच.पि. सम्म मात्र |
| ५ | मिनि टिलर एटयाचमेन्टहरु | |
| ५.१ | हिलो चक्का / एण्टी स्किड हव्वील | |
| ५.२ | एण्टी स्किड हव्वील | |
| ५.३ | रिजर | |
| ५.४ | एन्टी -याप ब्लेड | |
| ५.५ | डिप टिलिङ् ब्लेड | |

प्रमुख

| | | |
|---|---|---|
| ५.६ | पोटेटो प्लान्टर | |
| ५.७ | पोटेटो डीगर | |
| ५.८ | रिपर | |
| ५.९ | थ्रेसर | |
| ५.१० | पावर स्प्रेयर | |
| ५.११: | स्वचालित उपकरणहरु | |
| ५.१२. | राईस ट्रान्सप्लण्टर (म्यानुयल) | |
| ५.१३. | राईस ट्रान्सप्लण्टर (वक विहाइण्ड) | |
| ५.१४. | राईस ट्रान्सप्लण्टर (राइडिङ टाईप) | |
| ५.१५. | सिडलिङ मेसिन | |
| ५.१६. | रिपर | |
| ५.१७. | रिपर बाईण्डर | |
| ५.१८. | मल्टीक्रप थ्रेसर | |
| ५.१९. | थ्रेसर | |
| ५.२०. | पैडल थ्रेसर. इलेक्ट्रीकल/म्यानुयल | |
| ५.११. | मेज सेलर | |
| ५.१२. | मेज डिहस्कर | |
| ५.१३. | पावर स्प्रेयर | |
| ५.१४. | ब्रस कटर | |
| ५.१५. | मह र जडि वुटीहरुको उत्पादन र प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरु | |
| ५.१६. | च्याउको लागि परालको डल्ला वनाउने उपकरण | |
| ५.१७. | सेल्फ प्रोपेल्ड रिपर | |
| ५.१८. | प्लाण्टर | |
| ५.१९. | डिस्क मिल | |
| ५.२०. | ग्राईण्डर | |
| ५.२१. | एनिमल रिपेलर | |
| ५.२२. | डिपलर | |

ख) पशुपन्छी क्षेत्रको लागि

| सि.नं. | कृषि मेसिनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp)/आदि |
|---|---|---|
| १.१ | पशुपन्छी पालनको लागि यन्त्रउपकरण | |

प्रमुख

| | | |
|---|---|---|
| १.२ | मिल्किङ्ग मेशिन | |
| १.३ | साइलेज प्याकेजिङ्ग मेशिन | |
| १.४ | पनिर भ्याट | |
| १.५ | मिल्क एनालाईजर | |
| १.६ | च्याप कटर(मोटर सहित) | |
| १.७ | चिलिङ्ग भ्याट | |
| १.८ | पास्चुराईजर | |
| १.९ | आईसक्रिम भ्याट | |
| १.१० | यु,एम.एम.बि.वनाउने मेसिन | |
| १.११ | दाना वनाउने मेसिन | |
| १.१२ | डिफिजरिङ्ग मेसिन | |
| १.१३ | क्याटल डिपिङ्ग टयाङ्क | |
| १.१४ | मल्टी फंगसनल च्याफकटर | |
| १.१५ | मिल्क क्यान | |
| १.१६ | डि-फ्रिज | |
| १.१७ | टि.एम.आर मेसिन | |

ग) मत्स्यपालन क्षेत्रको लागि

| सि.नं. | कृषि मेसिनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp)/आदि |
|---|---|---|
| १. | मत्स्य पोखरीमा यन्त्रिकरण | |
| १.१. | ६ प्याडल एरिएटर | |
| १.२. | १२ प्याडल एरिएटर | |
| १.३. | फिस पेलेट मेसिन (ग्रायण्डर सहित) | |
| १.४. | अटोमेटिक फिस फिडर | |
| १.५. | ग्रास क्रसर / स्रेडर | |
| १.६. | एयर पम्प | |
| १.७. | रेफ्रीजेरेशन भ्यान | |
| १.८. | फिड मेसिन | |
| १.९. | मड पम्प | |
| १.१०. | पि.एच. मिटर | |
| १.११. | डिजल्भ अक्सीजन मिटर | |
| १.१२. | डि फ्रीज (हार्भेष्ट भएको माछा सम्रक्षणको लागि | |

२०४१७ प्रमुख

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

अनुसूची - ३

(दफा ४ को संग सम्बन्धीत)

## Application for Supplier Firm

1. Firm Name :- ..............................................................................
2. Head Office Address :-......................................................
   Telephone ......................... Fax.....................................
3. Responsible Person.
   Position. –
   Telephone..... .......................Mobile. .. .........Fax:.................
   Email:-..................................................
4. Firm Registration No. ....... Registered Office. ...........................................
   Date..................................
5. PAN/VAT Registration No:.. . . ... .... Date ..............................
6. Business Type/ Purpose :... ... ...................................
7. Financial Situation of Last three years. ( Attach Audited report of three years)

Information from balance sheet

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Assets | | | |
| Total Liabilities | | | |
| Net Worth | | | |
| Current Assets | | | |
| Current Liabilities | | | |

Information from Income Statement

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Revenue | | | |
| Profit Before Tax | | | |
| Profit After Tax | | | |

Financial Resources ( Add if required )

| No. | Source of Financing Amount | Amount |
|---|---|---|
| 1 | | |
| 2 | | |

Note - The letter from the bank must be unconditional

8.Human Resource Capability

| S.N | Name | Position | Qualification (must submit certificate copy) | Experience year |
|---|---|---|---|---|
| | | Manager | | |
| | | Account Sales Marketing | | |
| | | Engineer/ Sub Engg/ Mechanics | | |

* Attach C.V. & certificate otherwise will not be considered for evaluation.

9. Rate and details of the Equipments that the firm can supply as of annex-I (Attach therelevant catalogs, specifications etc.)

Brief Specification of Equipments (Annex-I)

| S.N | Name of the equipments | Brand | Model | Power, HP | Per unit cost(Including VAT & Tax) | | Free SpareParts including Tool Box | No. of Free servicing after sales |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | Rate in figures | Rate in words | | |
| | | | | | | | | |

10 Availability of Equipment that the firm can supply as of annex- I ( For One Fy)

| S.N | Name of the equipment | Brand | Model | Available in stock (Nos) | Quantity that can be supplied in one FY | Rate in figure | Total Amount |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

* Please submit deposit voucher or bank guarantee cf 2.5Ya of the Total Amount ( NRs.) thatthe firm can supply in one FY. If not submitted the firm will not be eligible for evaluation.

1 l. Availabilities of Spare Parts ( Attach separate sheet if required)

| S.N | Parts name | Quantity | Unit Rate in Figure | Amount |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

12. Performance test certificates of individual equipment and machineries

Total Spare Parts available in NRs. (must be quoted for evaluation purpose)

12, Dealer, Branches and Distributers in Chitwan

| S.N | Name | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

Submit copy of dealership agreement with firmregistration , PAN or VAT registration otherwisewill not be considered for evaluation.

13. Service Centers

| S.N | Name | District | Types of services available routing/ regular/engine overhaul | Address | Contact person | Email | Telephone |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

Submit copy of dealership agreement ,with firm registration, PAN or VAT registration otherwise willnot be considered for evaluation.

1 4. Professional Experiences

15. specific Experience ( Please submit supporting documents)

I hereby declare that the above submitted information are true and correct based on relevantdocuments and our knowledge and we are not ineligible to participate in the expression of interest,has no conflict of interest in the proposed procurement proceedings and has not been punished forthe profession or business related offence.

| Office stamp |
|---|
| |

Signature of Authorized person

Name ....................

Position....................

प्रमुख

अनुसूची - ४

(दफा ६ को उपदफा (२) संग सम्बन्धित)

## अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने साझेदारले पेश गर्ने निवेदन ढाँचा

मिति :

श्रीमान् प्रशासकीय अधिकृत ज्यू

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय,

भरतपुर, चितवन ।

विषयः कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/हामीलाई कृषि /पशुपन्छी क्षेत्रमा उपयोग गर्नका लागि कृषि यन्त्रिकरण प्रवर्द्धन सम्वन्धी कार्यविधि २०७६ अनुसार मिति....................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फाराममा भरि सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलव्ध गराई पाउनको लागि यो निबेदन पेश गरेको छु/छौं ।

१.

२.

३.

निवेदक

आधिकारिक व्यक्तिको सहीः- ......................

आधिकारिक व्यक्तिको नामः- ......................

दर्जा ..................

साझेदारको नाम र ठेगानाः- ................

छाप

प्रमुख

कृषि यन्त्र उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक छनौटको लागि भर्ने विवरण फाराम

१) संस्थाको नाम :................................अधिकार प्राप्त पदाधिकारीको नागरिकता

प्र.प.नं...................../जारी मिति ..........................

२) दर्ता नं...................दर्ता मिति...................दर्ता निकाय........................

३) स्थायी ठेगाना :- चितवन जिल्ला भरतपुर महानगरपालिका ..............वडा नं..........टोल.......

४) सम्पर्क मोबाईल नं. ........................... फोन नं................ इमेल नं.................

५) सम्पर्क व्यक्तिको नाम ....................... पद............... मोबाईल नं......................

६) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तीय संस्थाको नाम(खाता भएको बैंकको नाम)..............

ठेगाना................................खाता नं. ....................

७) साझेदारको पान नं. ................

८) सदस्य संख्या.........

महिला...........पुरुष..............दलित...................जनजाति.................

९) लाभान्वित कृषक संख्या : प्रत्यक्ष ................. अप्रत्यक्ष .............................

१०) प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि.नं. | आपूर्तिकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडल | हर्ष पावर/साइज | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११) प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने भरतपुर महानगरपालिका वडा नं. ...................

१२) कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक स्वलगानी तिरी कार्यक्रम संलग्न हुन सहमत छु/ छौं ।

माथि पेश गरेको बिवरण ठीक साचो छ, झुटा भएमा कानूनी करवाही भएमा राजी छु/छौं । मलाई /हामीलाई त्यस महानगरपालिकावाट ब्यवस्था भए वमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

निबेदको सही

नाम:

पद :

मिति :

संस्थाको नाम .................

संस्थाको छाप

अनुसूची न. ५

(दफा १० संग सम्वन्धीत)

## अनुदान रकम भुक्तानी आवेदन फाराम

१) भरतपुर महानगरपालिका वडा नं. ........ बस्ने साझेदार श्री ..........................
...............छनौट भई माग गरे बमोजिम कृषि यन्त्र उपकरण ................ ..............को खरिद / बिक्री मूल्य रु ........................अक्षेरुपी ................................को कृषि यन्त्र उपकरण ................ आपूर्तिकर्ताको खातामा जम्मा गराइएको छ ।

२) कृषि यन्त्र उपकरण बुझी लिनेको नाम .................................. सही...............
मिति ......................... साझेदार संस्थाको नाम .........

३) ............................. (आपूर्तिकर्ता) लाई .......................... कृषि यन्त्रउपकरण खरिद गरे बापत कृषि यन्त्रउपकरणको साझेदारले पाउने अनुदान रकम........................
(अक्षेरुपी ....................... .......................) सम्वन्धित आपूर्तिकर्ता..............................को वैंक खातामा जम्मा गरी दिनु हुन सिफारीस गर्दछु ।

छाप

साझेदारको नाम र ठेगानाः- ...............
आधिकारिक व्यक्तिको सहीः- .....................
आधिकारिक व्यक्तिंको नामः- ......................
दर्जा .................

**महानगरपालिकाको सम्बन्धित शाखाको लागि**

४) ......................... (आपूर्तिकर्ता) को वैंक ..................................... ठेगानामा रहेको खाता नं. ..........................................मिति .................................. मा जम्मा गरेको सक्कल भौचर ।

५) उपरोक्त अनुसार भएको देखिएकोले कृषि यन्त्रउपकरण अनुदान रकम रु .......................
अक्षेरुपी ............................................................................(अपुर्तिकर्ता) को नाममा भुक्तानी प्रयोजनार्थ सिफारीस गर्दछु ।

६) .............................. कृषि यन्त्रउपकरण खरिद गरि ल्याएको फोटो ।

सिफारीस गर्नेको सही :- ..............
दर्जा ....................
मिति ....................

सही :- ...............
दर्जा .....................
स्वीकृत गर्ने अधिकारी..........
मिति ....................

अनुसूची ६

(दफा ८ संग सम्बन्धीत)

## साझेदार र महानगरपालिका बीच सम्झौता पत्र

भरतपुर महानगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र श्री ................. ........................ ............भरतपुर म.न.पा. वडा नं........................... (यस पछि दोश्रो पक्ष भनिने) बीच भरतपुर महानगरपालिकाको आ.व........................को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि यान्त्रिकरण सम्बन्धी कार्यक्रम संचालनको लागि मिति............................गतेको सूचना मुताबिक पेश हुन आएका प्रस्तावहरु मध्ये छनौट भएकोले तपशिल अनुसारका शर्तहरु पालना गरी अनुदानमा यन्त्र उपकरण खरिद कार्यक्रम संचालनका लागि यो सम्झौता गरिएकोछ।

### तपशिल

दोश्रो पक्षले आपूर्तिकर्ता मूल्याङ्कन समितिबाट छनौट भएको आपूर्तिकर्तावाट .......................... कृषि यन्त्र उपकरण खरिद गर्नुपर्नेछ ।

१) प्रथम पक्षले कृषि यन्त्र उपकरणको परल मूल्यको .......... प्रतिशत सम्मको अनुदान रकम वरावर कृषि यन्त्र उपकरण उपलब्ध गराउने छ ।

२) दोश्रो पक्षले चाहेको कृषि यन्त्रउपकरणको परल मूल्यको मध्ये अनुदान बाहेकको रकम स्वलगानी गरि खरिद गर्नुपर्नेछ ।

३) दोश्रो पक्षले खरिद गर्न चाहेकोकृषि यन्त्र उपकरणको खरिद रकम मध्ये अनुदान बाहेकको स्वलगानी रकम छनौट भएका आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

४) दोश्रो पक्षले खरिद रकम आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरेको सक्कल भौचर, बिल बीजक, साझेदारले कृषि यन्त्र उपकरणको फोटोसहित अनुदान रकम भुक्तानोको लागि प्रथम पक्षलाई सिफारिस गर्नुपर्नेछ ।

५) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६) कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

७) सम्झौता अनुरुप काम नगर्ने दोश्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरु पयोग गरेमा दोश्रो पक्षवाट प्रचलित कानून अनुसार हर्जनासहित अनुदान रकम असूल उपर गरिनेछ ।

८) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| | |
|---|---|
| साझेदारको तर्फबाट | महानगरको तर्फबाट |
| सहीः- ...................... | सहीः- ...................... |
| नामः- ...................... | नामः- ...................... |
| दर्जा ................... | दर्जा ................... |
| साझेदारको नाम र ठेगानाः- ............... | नाम र ठेगानाः- भरतपुर महानगरपिलका चितवन |

अनुसूची - ७

(दफा ९ संग सम्वन्धित)

साझेदार र आपुर्तिकर्ता बीचको सम्झौता पत्र

यो सम्झौता मिति २०७.../.../ का दिन.......................(त्यस पछि आपुर्तिकर्ता भनिने) र ......................(त्यस पछि साझेदार भनिने) बीच कृषि यन्त्र उपकरणहरु अनुदानमा बितरण कार्य सम्पन्न गर्नको लागि "कृषि यन्त्रिकरण प्रवर्द्धन सम्वन्धि कार्यबिधि, २०७६" वमोजिम मूल्यांकन समितिवाट छनौट भएका कृषि यन्त्र उपकरणहरुको मोडेल, व्राण्ड र क्षमताको स्वलगानी तर्फको रकम सम्वन्धित छनौट भएका आपूर्तिकर्ताहरुको खातामा जम्मा गर्न सहमत भई तपशिलका शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ ।

शर्तहरुः

१) स्वीकृत कृषि यन्त्रिकरण प्रवर्द्धन सम्वन्धि कार्यबिधि, २०७६ यस सम्झौताको अभिन्न अंग मानिनेछ ।

२) मूल्यांकन समितिको निर्णय अनुसार कृषि यन्त्र उपकरणको व्राण्ड/मोडेल/क्षमता र अनुदान रकम सम्वन्धित निर्णय यो संम्झौताको अभिन्न अंग हुनेछ ।

३) आपूर्तिकर्ताले निम्न वुँदाहरु अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

क) साझेदारले कृषि यन्त्र उपकरण वुझ्ने समयमा स्वलगानी रकम आपूर्तिकर्ताको वैंक खातामा जम्मा गर्नु पर्नेछ ।

ख) आपूर्तिकर्ताले स्वलगानी तर्फको रकम दाखिला गरेपछि साझेदारलाई कृषि यन्त्र उपकण तुरुन्त उपलव्ध गराउन पर्नेछ ।समयमा उपलव्ध नगराएमा साझेदारले महानगरपालिका जानकारी गराउनु पर्नेछ । सो अवस्थामा महानगरपालिकाले प्रचलित कानून वमोजिम आपूर्तिकर्तावाट अशुल उपर गर्नेछ ।

ग) स्वीकृत अनुदान रकम भन्दा वढी कृषि यन्त्र उपकरण बिक्री गरेमा बढी बिक्री गरिएको कृषि यन्त्र उपकरणमा अनुदान दिइने छैन सो को जिम्मेवारी आपूर्तिकर्ता स्वयंम नै हुनेछ ।

घ) आपूर्तिकर्ताले अनुदान लिने साझेदारलाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्वन्धि तालिमको ब्यवस्था गर्नु पर्नेछ ।

ङ) अनुदानमा बितरित कृषि यन्त्र उपकरणमा अनुसूची ८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखि अनिवार्य पेश गर्नु पर्न छ ।

४) साझेदारले निम्न वुद्धा अनुसारका शर्तहरु पालना गर्नु पर्ने छ :-

क) साझेदार कृषि पेशा, ब्यवसायमा संलग्न भएको हुनु पर्ने छ ।

ख) अनुदानमा उपलव्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरि अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

ग) साझेदारले स्वलगानी रकम कृषि यन्त्र उपकरण बुझ्ने समयमा सम्झौता भएका आपूर्तिकर्ताको वैंक खातामा जम्मा गर्नु पर्ने छ ।

घ) यस सम्झौता वमोजिम साझेदारले प्राप्त गर्ने अनुदान रकम आपूर्तिकर्ताले भुक्तानी गर्न समन्वय गर्नुपर्नेछ ।

५) सम्झौतामा उल्लख भएको कुराहरु सम्झौता वमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

६) कुनै कुराहरु प्रष्ट नभएमा वा कुनै कुरामा बिवाद भएमा दुवै पक्षको आपसि छलफलवाट निर्णय गरिने छ र केहि गरि टुंगो नलागेमा प्रचलित ऐन नियम अनुसार महानगरवाट भएको निर्णय अन्तिम हुने छ ।

७) यस कार्यको सम्झौता आज मिति देखि प्रारम्भ हुने छ ।

प्रमुख

८) उपरोक्त अनुसारका आपूर्तिकर्ता र साझेदारै दुवै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं/दियौं ।

साझेदारको तर्फबाट

सही:- ......................

नाम:- ......................

दर्जा ...................

साझेदारको नाम र ठेगाना:- ................

छाप

आपूर्तिकर्ताको तर्फबाट

सही:- ......................

नाम:- ......................

दर्जा ...................

फर्मको नाम र ठेगाना:- ................

छाप

रोहवर

सही:- ......................

नाम:- ......................

दर्जा ...................

कार्यालयको नाम र ठेगाना:- भरतपुर महानगरपलिका चितवन

प्रमुख

अनुसूची - ८

(दफा ११ संग सम्बन्धीत)

अनुदान प्रवाहमा उपलव्ध हुने कृषि यन्त्रउपकरणमा आपूर्तिकर्ताले राख्नु पर्ने प्रिन्ट वा प्लेटको ढाँचा

| |
|---|
| भरतपुर महानगरपालिका |
| कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्द्धन शाखावाट |
| ........... प्रतिशत अनुदान प्राप्त |
| आ.ब. २०७६/०७७ |
| आपूर्तिकर्ता : ................. |

आज्ञाले

......................

(नेत्रप्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख